चिचिला गाउँपालिका, सङ्खुवासभा

स्थानीय राजपत्र


| | | |
|---|---|---|
| खण्डः ८ | सङ्ख्याः ७ | मितिः २०८१/०९/२६ |


**भाग-२**

**चिचिला गाउँपालिका**

# ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०८१

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः** २०८१/०९/१४
**प्रमाणीकरण मितिः** २०८१/०९/१५
**प्रकाशन मितिः** २०८१/०९/२६

चिचिला गाउँपालिका

## ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०८१

**प्रस्तावनाः** ज्येष्ठ नागरिकको सम्मान र सामाजिक सुरक्षाका लागि सञ्चालन गरिने ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

गाउँ कार्यपालिकाले यो मापदण्ड बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले फरक अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उपाध्यक्ष" भन्नाले चिचिला गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले चिचिला गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(घ) "गाउँ सभा" भन्नाले चिचिला गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

(ङ) "ज्येष्ठ नागरिक" भन्नाले ६० वर्ष उमेर पुरा गरेका नागरिक ज्येष्ठ नागरिक सम्झनु पर्दछ ।

(च) "महिला, बालबालिका तथा समाज कल्याण इकाई" भन्नाले गाउँ कार्यपालिका कार्यालयको महिला, बालबालिका तथा समाज कल्याण इकाई सम्झनुपर्छ ।

(छ) "लाभग्राही" भन्नाले चिचिला गाउँपालिका भित्र बसोबास गर्ने ८० वर्ष भन्दा माथिका नागरिक सम्झनुपर्छ ।

(ज) "सम्मान" भन्नाले ८० वर्ष उमेर माथिका नागरिकलाई प्रदान गरिने जिन्सि वा नगद बुझिन्छ ।

(झ) "सम्मान गरिने ज्येष्ठ नागरिक" भन्नाले ८० वर्ष उमेर पुरा गरेका सम्मान गरिने नागरिक ज्येष्ठ नागरिक| सम्झनुपर्छ ।

(ञ) "समिति" भन्नाले लाभग्राही छनौट गर्न गठित ५ सदस्यीय समिति सम्झनुपर्दछ ।

चिचिला गाउँपालिका

(ट) "सामाजिक विकास समिति" भन्नाले गाउँ कार्यपालिका अन्तर्गतको सामाजिक विकास समिति सम्झनु पर्दछ ।

३. **ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेः** (१) गाउँपालिकाभित्र बसोबास गर्ने ज्येष्ठ नागरिकहरूको सम्मानका लागि ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिने छ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमका लागि आवश्यक बजेट तथा स्रोत गाउँसभाले विनियोजन गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यक्रमको सञ्चालन महिला, बालबालिका तथा समाज कल्याण इकाईले गर्नेछ ।

४. **लाभग्राही छनौट समिति गठनः** (१) दफा ३ बमोजिम सञ्चालन गरिने कार्यक्रमका लागि सम्मान गरिने ज्येष्ठ नागरिक लाभग्राहीहरूको छनौट गर्नका लागि एक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन्-

(क) गाउँपालिका उपाध्यक्ष -संयोजक

(ख) सामाजिक विकास समितिको संयोजक -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा प्रमुख -सदस्य

(ङ) महिला, बालबालिका तथा समाज कल्याण इकाई प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिले ज्येष्ठ नागरिकहरू मध्येबाट सम्मान गरिने ज्येष्ठ नागरिकहरूको छनौट गर्नेछ ।

५. **लाभग्राही छनौटका आधारः** (१) दफा ३ बमोजिम सञ्चालन गरिने कार्यक्रमका लागि लाभग्राही छनौट गर्दा देहायका आधारमा छनौट गर्नु पर्नेछः-

(क) चिचिला गाउँपालिका भित्र बसोबास गरिरहेको ज्येष्ठ नागरिक हुनु पर्ने,

(ख) ८० वर्ष पुगेका ज्येष्ठ नागरिक हुनु पर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थायी बसोबास चिचिला गाउँपालिकामा रही हाल विदेशमा रहेका ज्येष्ठ नागरिकहरूलाई कार्यक्रममा समावेश गरिने छैन ।

(३) स्थायी बसोबास गाउँपालिकामा रहेको तर स्वास्थ्य उपचार गर्ने उद्देश्यले वा अन्य कारणले गाउँपालिकाभन्दा बाहिर रहेका ज्येष्ठ नागरिकलाई भने समावेश गरिनेछ ।

६. **सम्मान गर्ने प्रक्रियाः** (१) दफा ४ र ५ बमोजिम छनौट भई सम्मान गरिने ज्येष्ठ नागरिकहरूलाई नगद वा ज्येष्ठ नागरिकहरूको दैनिक जीवनयापनलाई सहज बनाउने किसिमका जिन्सी सामग्रीहरू वितरण गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम वितरण गरिने नगद वा जिन्सी सामग्रीका विषयमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(३) कार्यक्रम सञ्चालनका क्रममा उपाध्यक्ष, सम्बन्धित वडाको वडाध्यक्ष, वडा सदस्य लगायत वुद्धिजीवी, सञ्चारकर्मीको रोहबरमा सम्मान गरिनेछ ।

(४) आफैं आउन सक्ने ज्येष्ठ नागरिकलाई वडामा बोलाएर र आउन नसक्नेलाई घरमै गएर सम्मान गरिनेछ ।

(५) यस कार्यक्रम अन्तर्गत सम्मान गरिने ज्येष्ठ नागरिकहरूको विवरण र अभिलेख महिला, बालबालिका तथा समाज कल्याण इकाईले सुरक्षित राख्नु पर्नेछ ।

७. **संशोधन, खारेजी र बचाउः** (१) यो मापदण्ड संसोधन वा खारेज गर्न आवश्यक देखेमा गाउँ कार्यपालिकाले संसोधन र खारेज गर्न सक्नेछ।

(२) यो मापदण्डमा उल्लेख गरिएका कुराहरुको हकमा यस कार्यविधि र उल्लेख नभएका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

(३) यस मापदण्डमा लेखिएका कुराहरू प्रचलित कानूनसँग बाझिएमा बाँझिएको हद सम्म स्वतः निष्कृय हुनेछ।

**प्रमाणीकरण मितिः** २०८१/०९/१५

**आज्ञाले,**
**सन्तोष राई**
**चिचिला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत ।**

चिचिला गाउँपालिका